संघीय संसद
राष्ट्रिय सभा
तेह्रौं अधिवेशन
बैठक-११
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*
*बैठक स्थगित : ३:२१ बजे*

२०७९ चैत ०८ गते, बुधबार

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको एघारौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भभयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"शून्य समय"** मा बोलनका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय अनिता देवकोटा**ले हाम्रा छोरीहरू सुरक्षित, निर्धक्कसँग बाँच्न पाउने र काम गर्न पाउने अवस्था नरहेकोप्रति चिन्ता व्यक्त गर्नुभयो । उहाँले सामाजिक सञ्जालमार्फत सम्पर्क गरी काम र जागिरको प्रलोभन देखाई यौन व्यवसायमा लगाउने गिरोह सक्रिय रहेको बताउँदै दिल्लीबाट नौ किशोरीको उद्धार गरीएकोले हाम्रो मुलुक मानव तस्करको केन्द्र बन्दैछ की भन्ने अशंका व्यक्त गर्नुभयो र यस्ता कार्य हुन नदिन सरकारलगायत सम्बन्धित सबै निकायको ध्यानाकर्षण गर्नुभयो ।

**माननीय कुमार दसौदी**ले माघ २५ गते सम्पन्न राष्ट्रिय सभा उपनिर्वाचनमा आफुलाई भोट दिनुहुने लुम्बिनी प्रदेशका प्रदेश सभा सदस्य तथा नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, लगायत सहयोग गर्ने सबै राजनीतिक दल र नेताहरूलाई धन्यवाद दिनुभयो।

**माननीय खिमलाल देवकोटा**ले त्रिभुवन विश्वविद्यालयलगायत उच्च शिक्षा सुधारको स्पष्ट कार्ययोजना ल्याउन सरकारसमक्ष जोड्दार माग गर्नुभयो साथै पोखराको फेवातालमाथिको अतिक्रमण, जग्गा प्लटिङ, हर्पन खोलाको दोहन र तालको सिमानाभित्रको नौ सय रोपनीभन्दा बढी जग्गा विभिन्न व्यक्तिको नाममा नामसारी गरेको सम्बन्धी तथ्यहरू पुण्य पौडेलको अध्यक्षतामा गठित प्रतिवेदनमा उल्लेख भएको कुरा बताउँनुहुँदै उक्त प्रतिवेदन सार्वजनिक गर्न र फेवाताल संरक्षणको स्थायी समाधानको कार्ययोजना संसदमा पेस गर्नसमेत सरकारसमक्ष माग गर्नुभयो।

**माननीय दिल कुमारी रावल थापा "पार्वती"**ले स्वस्थ जीवनको महत्त्व र संवेदनशीलतालाई आत्मसात् गरेर संविधानको मैलिक हक अन्तर्गत धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था भए तापनि हाल नेपालको स्वास्थ्य सेवा प्रणाली नागरिकको पहुँचमा पनि नभएको, बिरामीमैत्री पनि नभएको, गुणस्तरीय पनि नभएको भनी स्वास्थ्य सम्बन्धी चिन्ता र असन्तुष्टी व्यक्त गर्नुभयो । उहाँले स्वास्थ्यसँग सम्बन्धित लामो समयदेखि अड्किएको रणनीतिक योजना तयार गरी तत्काल लागु गर्न नेपाल सरकारसँग जोडदार माग गर्नुभयो।

**माननीय श्री नन्दा चपाई**ले देशमा सुकुम्बासी समस्या र नागरिकता समस्या अत्यन्त जटिल समस्याको रुपमा रहेको कुरा बताउँदै एउटा व्यक्तिले पहुँचको आधारमा उजुरी गरे नागरिकता पाउने र अर्को त्यस्तै पहुँच विनाको व्यक्तिले नागरिकता नपाउने अवस्था रहेको भनी धेरै गुनासाहरू आउने गरेकोबारे सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**प्रकाश पन्थले** हालका सम्माननीय राष्ट्रपति र उपराष्ट्रपतिमा पदमा निर्वाचित भएकोमा हार्दिक बधाई र धन्यवाद ज्ञापन गर्नुहुदै मुलुको आर्थिक अवस्थाबारे स्वेतपत्र नै जारी गरेर संसदलाई जानकारी गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउनु भयो ।

**माननीय डा. विमला राई पौड्याल**ले केही युवाहरू बोल्न खोजिरहेको तर प्रहरीहरूले जबरजस्ती उनीहरूको मुख थुनिदिएको, घाँटी ड्याकिरहेको, लछारपछार पारिरहेको तस्विरहरू जताततै देख्न पाइरहेको छ । यस्तो गर्ने प्रहरीलाई कारवाही गर्नेबारे गृह मन्त्रालयको ध्यानाकर्षण गराउँदै किन त्यसो गरिएको हो सोको जवाफसमेत माग्नुभयो।

**माननीय सिंग वहादुर विश्वकर्मा**ले ५८ औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मुलन दिवस २१ मार्चको उपलक्ष्यमा उत्पीडित जनन्यायप्रेमी जनसमुदायप्रति शुभकामना व्यक्त गर्नुहुँदै सिराहा भगवानपुर गाउँपालिका अध्यक्ष उग्र नारायण यादवले फागुन २२ गते आमाको १३ औं पुण्य तिथिको क्रियाकलापमा दलित, गैरदलित, र मुस्लीम समुदायलाई अलग अगल व्यवहार गरी जातीय विभेद र छुवाछुत गरेको घटनाबारे नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"शून्य समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी प्राप्त पत्रहरुको ब्यहोरा जानकारी गराउनुभयो ।

**"विषयः कार्यभार तोक्नु भएको सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७९/१०/०३ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्का माननीय उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री श्री राजेन्द्रप्रसाद लिङ्देन; माननीय सहरी विकास मन्त्री श्री विक्रम पाण्डे; माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधान र माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ राज्यमन्त्री श्री दिपकबहादुर सिंहले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उल्लिखित मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरि जिम्मेवारी तोक्नु भएको ब्यहोरा अनुरोध गर्दछु।

(यादवप्रसाद कोइराला)
सचिव
मितिः २०७९/११/१४ "

"विषयः कार्यभार तोक्नु भएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७९/१०/०३ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्का देहाय बमोजिमका मन्त्रीहरूले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उल्लिखित मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरि जिम्मेवारी तोक्नु भएको ब्यहोरा सादर अनुरोध गर्दछु।

| | |
|---|---|
| १. श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री एवं अर्थ मन्त्री |
| २. श्री ज्वाला कुमारी साह | कृषि तथा पशुपन्छी विकास मन्त्री |
| ३. श्री दामोदर भण्डारी | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री |
| ४. श्री राजेन्द्रकुमार राई | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री |
| ५. श्री विमला राई पौड्याल | परराष्ट्र मन्त्री |
| ६. श्री पदम गिरी | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री |
| ७. श्री भगवती चौधरी | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री |
| ८. श्री हरिप्रसाद उप्रेती | रक्षा मन्त्री |

(यादवप्रसाद कोइराला)
सचिव
मितिः २०७९/११/१६ "

तत्पश्चात् सम्माननीय अध्यक्षले सभाका माननीय सदस्य डा. विमला राई पौड्याललाई राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिमा मनोनयन गराउनुहुदाँ माननीय सदस्यहरूले उक्त प्रस्तावित नामलाई सभाको सहमति जनाउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका माननीय सभापति **माया प्रसाद शर्मा**लाई **"प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको तेस्रो वार्षिक प्रतिवेदन २०७८/७९"** सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय सभापतिले उक्त प्रतिवेदन सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **माननीय भुवन बहादुर सुनार प्रस्तावक र मा. सुरेश कुमार आले मगर, मा. गोपी बहादुर सार्की आछामी, मा. तुल प्रसाद विश्वकर्मा, मा. नरपति लुवार, मा. सिंग बहादुर विश्वकर्मा, मा. जगत बहादुर पार्की, मा. राधेश्याम पासवान, मा. जग प्रसाद शर्मा, मा. प्रमिला कुमारी, मा. प्रकाश पन्थ, मा. देवेन्द्र दाहाल, मा. भगवती न्यौपाने, मा. जयन्ती देवी राई, मा. तारामान स्वाँर, मा. विमला घिमिरे, मा. माया प्रसाद शर्मा र मा. गंगा कुमारी बेलबासे** समर्थक भई **"दलित समुदायका विभेद र उत्पीडनहरुको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धी विषयमा"** संकल्प प्रस्ताव दर्ता गर्नु भएको व्यहोरा जानकारी गराउनुहुँदै संकल्प प्रस्तावका प्रस्तावक **माननीय भुवन बहादुर सुनारलाई** सो प्रस्ताव सभा समक्ष पेश गर्न समय दिनुभयो ।

त्यस लगतै माननीय भुवन बहादुर सुनारले "दलित समुदायका विभेद र उत्पीडनहरुको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धी विषयमा" आफ्नो संकल्प प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले संकल्प प्रस्तावका समर्थकहरू मा. सुरेश कुमार आले मगर, मा. गोपी बहादुर सार्की आछामी, मा. तुल प्रसाद विश्वकर्मा, मा. नरपति लुवार, मा. सिंग बहादुर विश्वकर्मा, मा. जगत बहादुर पार्की, मा. राधेश्याम पासवान, मा. जग प्रसाद शर्मा, मा. प्रमिला कुमारी, मा. प्रकाश पन्थ, मा. देवेन्द्र दाहाल, मा. भगवती न्यौपाने, मा. जयन्ती देवी राई, मा. तारामान स्वाँर, मा. विमला घिमिरे, मा. माया प्रसाद शर्मा र मा. गंगा कुमारी बेलबासेलाई क्रमशः संल्कल्प प्रस्तावको समर्थन गर्न समय उपलब्ध गराउनुहुँदा मा. भगवती न्यौपाने, मा. विमला घिमिरे भने अनुपस्थित हुनुभयो।

तत्पश्चात् सम्माननीय अध्यक्षले संकल्प प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदा देहाय बमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो ।

| | |
|---|---|
| १. मा. मदन कुमारी शाह (गरिमा) | २. मा. खिमलाल देवकोटा |
| ३. मा. कमला पन्त | ४. मा. अनिता देवकोटा |
| ५. मा. डा. बेदुराम भुसाल | ६. मा. विमला राई पौड्याल |
| ७. मा. सुमित्रा वि.सी. | ८. मा. तुलसा कुमारी दाहाल |
| ९. मा. गोपाल भट्टराई | १०. मा. रामचन्द्र राई |
| ११. मा. राजेन्द्र लक्ष्मी गैरे | १२. मा. नारायण दत्त मिश्र |
| १३. मा. दिल कुमारी रावल थापा (पार्वती) | १४. मा. विना पोखरेल |

त्यस लगतै सम्माननीय अध्यक्षले दलित समुदायका विभेद र उत्पीडनहरुको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धी संकल्प प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"**लाई उक्त संकल्प प्रस्तावको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

त्यसपछि **सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई** उक्त संकल्प प्रस्तावको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा आफ्नो जवाफ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले उक्त संकल्प प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८५ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट संशोधनको सूचना प्राप्त नभएको व्यहोरा समेत जानकारी गराउनुभयो

त्यसपछि सम्माननीय अध्यक्षले माननीय भुवन बहादुर सुनार प्रस्तावक र मा. सुरेश कुमार आले मगर, मा. गोपी बहादुर सार्की आछामी, मा. तुल प्रसाद विश्वकर्मा, मा. नरपति लुवार, मा. सिंग बहादुर विश्वकर्मा, मा. जगत बहादुर पार्की, मा. राधेश्याम पासवान, मा. जग प्रसाद शर्मा, मा. प्रमिला कुमारी, मा. प्रकाश पन्थ, मा. देवेन्द्र दाहाल, मा. भगवती न्यौपाने, मा. जयन्ती देवी राई, मा. तारामान स्वाँर, मा. विमला घिमिरे, मा. माया प्रसाद शर्मा र मा. गंगा कुमारी बेलबासे समर्थक भई "दलित समुदायका विभेद

र उत्पीडनहरुको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धी संकल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मतिले स्वीकृत** भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले सभाबाट स्वीकृत "दलित समुदायका विभेद र उत्पीडनहरुको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सम्बन्धी संकल्प प्रस्ताव राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८७ बमोजिम कार्यान्वयन गर्न नेपाल सरकारलाई त्यस सभाले निर्देशन गरेको व्यहोरा जानकारी गराउनुभयो । साथै सभा अन्तर्गतका विषयगत समितिहरूले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित उक्त संकल्प प्रस्तावमा उल्लिखित विषयहरूको कार्यान्वयनका सम्बन्धमा निरन्तर अनुगमन गर्न निर्देशन गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले संविधान सभा सदस्य गणेश प्रसाद विमलीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयोः-

**<u>शोक प्रस्ताव</u>**

"२००५ साल कात्तिक २१ गते तेह्रथुममा जन्मनु भएका संविधान सभा सदस्य गणेश प्रसाद विमलीको मिति २०७९ साल चैत्र ७ गते ७४ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय विमली २०७० सालको संविधान सभामा समानुपातिक निर्वाचन प्रणालीबाट नेपाली काँग्रेस पार्टीको तर्फबाट निर्वाचित हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय गणेश प्रसाद विमलीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

तदुपरान्त सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावलाई पारित गरिदिनहुन अनुरोध गर्नुहुँदा उक्त प्रस्ताव सभाको सर्वसम्मतिले पारित भयो ।

त्यस लगत्तै सभाले स्व. गणेश प्रसाद विमलीको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर सम्माननीय अध्यक्षले , राष्ट्रिय सभाको अर्को बैठक **२०७९ साल चैत्र १२ गते आइतबार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव